नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज २२ गते २०३८ साल (अतिरिक्ताङ्क ३७

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३८ साल असोज २२ गते विजया दशमीको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. सम्पूर्ण नेपालीहरूमा आपसी प्रेम बढाउँदै आत्मीय भावले हामी सबैलाई एकै राष्ट्रियताको सूत्रमा आवद्ध गर्दै दशैंको महान पर्व फेरि हाम्रो सामू आइपुगेको छ । मंगलमय यस घडीमा स्वदेश र विदेशमा रही बसेका नेपालीहरूका साथै सम्पूर्ण हिन्दूजगत् र मानव मात्रको कल्याणको निम्ति शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

२. सुख सुविधा, शान्ति र उन्नतिको रहर हामी सबैमा हुन्छ । हामी नेपाली त्यसको अपवाद हुन सक्तैनौं । तर केही समयअघि लिइएको जनगणना अनुसार हाम्रो जनसंख्याले यता एक दशकभित्र एउटा ठूलै फट्को लिएको अनुभव हुन्छ । जनसंख्या वृद्धिको तुलनामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाद्यान्न उत्पादनमा मात्र होइन हाम्रो सम्पूर्ण सामाजिक र आर्थिक सुविधाहरूमा पनि वृद्धि हुन नसकेमा हामी उन्नतिको सट्टा अवनतितिर ओर्लन्छौं र हाम्रो प्राकृतिक वातावरणमा मात्र होइन हाम्रो समाजमा समेत असन्तुलन र विकृति आउने डर हुन्छ । त्यसैले यस्ता गम्भीर विषयहरूमा व्यापक चिन्तनको साथै जनचेतना जगाउने काम समाजका प्रत्येक तहका प्रबुद्ध वर्गको हुनु आजको आवश्यकता हो ।

३. देश बनाउने काम सबैको साझा काम हो । जनताका आकांक्षालाई सही रूपमा प्रस्तुत गर्नु र त्यसलाई कार्यान्वयन गराउन महत गर्नु जनप्रतिनिधिको कर्तव्य हो । अनेक किसिमका महंगी र कठिनाइले व्याप्त आजको अवस्थामा सबैले दत्तचित्त भई देश उत्थानको पवित्र काममा उत्साहका साथ लाग्नु परेको छ । आजको विश्वमा हाम्रा हितैषी मित्रराष्ट्रहरूको संख्यामा अभिवृद्धि हुँदै गइरहेछ र अल्पविकसित राष्ट्रहरूलाई आर्थिक सहायता बढाउने कुरामा विकसित राष्ट्रहरूले पनि बढी समझदारी देखाउँदै गएका छन् । तर हाम्रो विकास अभियानमा विदेशी सहयोगले महत्त्वपूर्ण भूमिका ओगट्ने भए पनि यसलाई हामीले खालि एक सघाउ भन्ने कुरा ठान्नुपर्छ । विदेशी सहयोगले मात्र कुनै देश बन्दैन, उल्टो यसबाट हाम्रो बानी बिग्रेर हामीलाई परमुखापेक्षी बन्न बेर लाग्दैन ।

४. वर्तमान अन्तर्राष्ट्रिय स्थिति राम्रो छ भन्न सकिन्न । यस परिप्रेक्षमा समेत हामीले आफ्नै पसीना र मिहिनेतको महत्त्वलाई राम्ररी बुझेर आफ्नो घर आफैंले बनाउनु पर्छ र समाजमा नेतृत्व लिन खोज्ने सबैले यस्ता कुरामा बृहत रूपमा जन-भावना जागृत गराउनु पर्ने आफ्नो पनि कर्तव्य रहेको कुरा नबिर्सौं । अन्तमा, शान्त रमणीय हाम्रो देशमा हामी सबै मिलेर दशैंको जस्तै खुशीयालीको वातावरण वर्षभर कायम राख्न सकौं र यस सद्प्रयासमा हामीलाई श्री नवदुर्गा भवानीले प्रेरणा प्रदान गरून्– यही हाम्रो प्रार्थना छ ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।